# जानकी गाउँपालिकाको विनियोजन ऐन, २०८३

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

जानकी गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम जानकी गाउँपालिकाको सभाले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम जानकी गाउँपालिकाको विनियोजन ऐन, २०८३ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०८३।८४को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार

(१) आर्थिक वर्ष २०८३।८४ को निमित्त जानकी गाउँपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ६९,५६,२९,०००/-(अक्षेरुपी उनानसत्तरी करोड छपन्न लाख उन्तीस हजार रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए वमोजिम सञ्चितकोषवाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः

(१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४को निमित्त जानकी गाउँपालिका कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले वचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्कोस्रोतमा रकम सार्नसकिनेछ ।

छब्बन खाँ
गाउँपालिका अध्यक्ष

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

जानकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मानपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल २०७३

## अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम संचितकोषबाट विनियोजन हुने रकम

रकम रु. हजारमा

| शीर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| पालिका स्तरीय योजना | ९०००० | ३४८११ | ० | १२४८११ | |
| वडा स्तरीय बजेट | ६००० | ४८२०० | ० | ५४२०० | |
| वन वातावरण तथा विपत व्यवस्थापन तर्फ | २७०० | ० | ० | २७०० | |
| स्वास्थ्य | ५००० | ० | ० | ५००० | |
| शिक्षा युवा तथा खेलकुद | ३३२०० | ० | ० | ३३२०० | |
| महिला तथा बालबालिका | १००० | ० | ० | १००० | |
| कृषि | १५०० | ० | ० | १५०० | |
| सहकारी | २०० | ० | ० | २०० | |
| पशु सेवा | १५०० | ० | ० | १५०० | |
| लघु उद्यम विकास | ३०० | ० | ० | ३०० | |
| लक्षित कार्यक्रम | २५०० | ० | ० | २५०० | |
| न्यायिक समिति तर्फ | २२०० | ० | ० | २२०० | |
| उपाध्यक्ष योजनाहरु/कार्यक्रमहरु | ५५०० | ० | ० | ५५०० | |
| कर्मचारी कल्याण कोष तर्फ | ३००० | ० | ० | ३००० | |
| अन्य शाखा/कार्यक्रम/दायित्व/कोष | ४६११८ | ० | ० | ४६११८ | |
| संघीय सरकारबाट हस्तान्तरिक अनुदान | ३९४९०० | ० | ० | ३९४९०० | |
| प्रदेश सरकारबाट हस्तान्तरित अनुदान | १७००० | ० | ० | २८०१६ | |
| जम्मा | | | | ६९५६२९ | |

आज्ञाले परशु राम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

छब्बन श्री
गाउँपालिका अध्यक्ष